# छथर जोरपाटी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः५, संख्याः१, मितिः २०७८/०३/२५

## भाग-१

### छथर जोरपाटी गाउँपालिकाको आर्थिक ऐन, २०७८

# छथर जोरपाटी गाउँपालिकाको आर्थिक ऐन, २०७८
## सभाबाट स्वीकृत मितिः २०७८।०३।२५

छथर जोरपाटी गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन।

**प्रस्तावना:** छथर जोरपाटी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई हरेक वर्ष कार्यान्वयन गर्दै लैजानको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ बमोजिम छथर जोरपाटी गाउँपालिकाको नवौं गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "**छथर जोरपाटी गाउँपालिकाको आर्थिक ऐन, २०७८**" रहेको छ।

(२) यो ऐन २०७८ साल श्रावण १ गते देखि छथर जोरपाटी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति कर**: गाउँपालिका क्षेत्र भित्र अनुसूची–१ वमोजिम घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

३. **स्पष्टिकरण**: यो ऐन कार्यान्वयन प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम् सो क्षेत्रफल बराबरको थप जग्गा बुझाउनेछ।

४. **भूमी कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ वमोजिम भूमिको मूल्याङ्कन र अनुसूची-२ वमोजिमको दरको आधारमा भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

५. **घर जग्गा बहाल कर**: गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी वा सवारी साधन पूरै वा आंशिक तवरले वहालमा दिएमा अनुसूची–३ वमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ।

६. **व्यवसाय कर तथा दर्ता शुल्क**: गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची –४ वमोजिम वार्षिक व्यवसाय कर लगाइने र स्थानीय कानून वमोजिम दर्ता हुन आउने व्यवसायीहरुलाई व्यवसाय दर्ता तथा नविकरण शुल्क लगाइनेछ।

७. **सवारी साधन सञ्चालन व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा ल्याइएका सवारी साधनहरुलाई अभिलेख प्रयोजन तथा व्यवस्थापन समेतका लागि अनुसूची– ५ वमोजिम सवारी साधन सूचीकृत शुल्क लगाइने र असुल उपर गरिनेछ।

८. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा तोकिए वमोजिम व्यवसाय कर लगाउने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

९. **पार्किङ्ग शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलव्ध गराए वापत अनुसूची-६ वमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन र व्यवस्थापन गरेको अनुसूची–७ वमोजिम स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पर्यटन तथा साहसिक पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकबाट अनुसूची–८ वमोजिमको दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ। ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बञ्जिजम्पिङ्ग, जीपफ्लाइङ्ग र ऱ्याफ्टिङ्ग शुल्क सेवा वा व्यवसाय सञ्चालन गरेमा सो वापत समेत शुल्क लगाउने र असुल उपर गरिनेछ।

१२. **बहाल विटौरीः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका तपसिल खण्डमा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूची–९ मा व्यवस्था भए अनुसार वहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची–१० मा तोकिए वमोजिम वार्षिक विज्ञापन कर लगाउने र असुल उपर गरिनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

१४. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत तोकिए वमोजिमको कर लगाउने र असुल उपर गरिनेछ।

१५. **विविधः** माथिका अनुसूचिमा उल्लेख नभएका विषयहरुको हकमा अनुसुची–११ खण्डमा तोकिए बमोजिम कर, दस्तुर लगाइने र असुल उपर गरिनेछ।

१६. **कर छुटः**

१) यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन। तर गाउँ सभाले विपन्न वा अशक्त वर्गका लागि कुनै सेवा दस्तुर छुट दिनेगरी निर्णय गरेमा सो सेवा शुल्क छुट दिन यो दफाले वाधा पुऱ्याएको मानिने छैन।

२) प्रत्येक आ.वको असोज मसान्त भित्र कर तिर्ने कर दातालाई १०% छुट दिने।

३) उपदफा १ मा जे सुकै लेखिएको भएता पनि वि.सं.२०७० साल सम्मको सम्पत्ति तथा भूमि कर नबुझाउने करदाताहरुले यही २०७८ साउन मसान्त भित्र सबै कर दाखिला गरेमा ५० प्रतिशत, २०७८ भाद्र मसान्त भित्र सबै कर दाखिला गरेमा ४० प्रतिशत, २०७८ आश्विन मसान्त भित्र सबै कर दाखिला गरेमा ३० प्रतिशत, २०७८ कार्तिक मसान्त भित्र सबै कर दाखिला गरेमा २० प्रतिशत कर छुट दिने गरी कार्यक्रम प्रस्ताव गरेको छु।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१८. **अन्यः** यस ऐनमा लेखिएका कुराहरु वाहेक अन्य कुराहरु हरेक वर्ष छथर जोरपाटी गाउँपालिकाको गाउँ सभाले पारित गरेको निर्णय एवं प्रचलित नेपाल कानून वमोजिम हुनेछ। कुनै कर, सेवा दस्तुर वा सेवा शुल्कको दर अनुसूचीहरुमा समावेश हुन छुट भएको हकमा गाउँ कार्यपालिकाको निर्णय अनुसार दर कायम गरी लागू गर्न सक्नेछ।

# अनुसूची-१
# सम्पत्ति कर
## (दफा २ सँग सम्बन्धित)

आ.व. २०७८।०७९ का लागि लागू हुनेगरी सम्पत्ति कर प्रयोजनको लागि देहाय वमोजिम न्युनतम मूल्यांकनको दर रेट हुनेछ।

क) **वडा नं. १**

१. साविक हात्तीखर्क गा.वि.स.को त्रिशुले हात्तीखर्क सडक खण्डको त्रिशुलेदेखि बुढासुब्बासम्मका सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. २,००,०००/-

२. साविक हात्तीखर्क गा.वि.स.को बुढासुब्बा मन्दिरदेखि १ नं. वडा कार्यालय जाने सडकसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. ४,००,०००/-

३. साविक हात्तीखर्क गा.वि.स.को सोही सडकको बेतेमोडदेखि जन्तरे मोडसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. २,००,०००/-

ख) **वडा नं. २**

१. साविक तांखुवा गा.वि.स. वडा नं. ९ र साविक हात्तीखर्क गा.वि.स. वडा नं. ७ को कोशी राजमार्ग खण्डको फलैँचादेखि जोरपाटी बजार हुँदै डिप बोरिङ्ग स्थलबाट २०० मिटर अगाडिको हाइवेसम्मको सडकको दायाँबायाँ १०० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. १४,००,०००/-

२. साविक हात्तीखर्क गा.वि.स. वडा नं. ७ र ८ मा पर्ने फलैँचादेखि लक्ष्मी मा.वि सल्ले र सो मा.वि.देखि २०० मिटर अगाडि सम्मका सडकको दुवै तर्फको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. ३,००,०००/- त्यसैगरी साविक तांखुवा गा.वि.स. वडा नं. ९ को चक्रपथको कोशी राजमार्गको दायाँवाँया तोकिएको क्षेत्र बाहेक नवनिकेकतन प्रा.वि. सम्मको सडकको दायाँवायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रतिरोपनी रु. ३,००,०००/-

३. जोरपाटी काजीमाने सडक खण्डको साविक तांखुवा वडा नं. ८ मा पर्ने यज्ञडाँडादेखि साविक परेवादिन गा.वि.स. वडा नं. ८ को फुर्तुङ्ग डाँडासम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. १०,००,०००/-

४. साविक परेवादिन गा.वि.स. वडा नं. ८ फुर्तुङ्ग डाँडादेखि साविक तांखुवा गा.वि.स.वडा नं. ८ कै हिलेपानी सडक खण्डसम्मका सडकका दायाँवायाँ ५० मिटरसम्मका जग्गाहरु प्रति रोपनी रु. ४,००,०००/-

ग) **वडा नं. ३**

१. साविक तांखुवा गा.वि.स.वडा नं.७ र परेवादिन गा.वि.स. वडा नं. ८ को हिलेपानीदेखि घ्याम्पे ट्याङ्की हुँदै खोकताप जाने मोडसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु (चुलाचुली क्षेत्र) प्रति रोपनी रु. १०,००,०००/-
२. साविक तांखुवा गा.वि.स.वडा नं. ७ को स्वास्थ्य चौकीदेखि बहिदार टोल तथा मिलडाँडासम्मका दायाँबायाँ सडक क्षेत्रका जग्गाहरु प्रति रोपनी रु. १,००,०००/-
३. साविक तांखुवा गा.वि.स. वडा नं. ५ को फेसिङ्गवादेखि हाल छथर जोरपाटी गा.पा.को ३ नं. वडा कार्यालय जाने सडक आसपासका जग्गाहरु प्रति रोपनी रु. १,००,०००/-
४. हालको ३.नं. वडा कार्यालयदेखि मिलडाँडा सडक खण्डको दायाँ वायाँ ५० मिटरसम्मका जग्गाहरु प्रति रोपनी रु. ६०,०००/-
५. साविक तांखुवा गाविस वडा नं. ४ को करुञ्जे सेवारो चोक सडक खण्डका दायाँ वायाँ ५० मिटरसम्मका जग्गाहरु प्रति रोपनी रु. ५०,०००/-
६. साविक तांखुवा वडा नं. ५ को मुकुमफुङ्ग वल्लकदेखि सेवारो चोकसम्मका सडक खण्डका दायाँ बायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. ५०,०००/-
७. धनकुटा नगरपालिकाको विहिवारे हटीया – कर्मीटार – बञ्चरे – ताङखुवा – तेलीया – परेवादिन – शुक्रवारे – तेह्रथुम सडक खण्डको ताङखुवा खोलादेखि छामिछानेटारको वडा नं. ४ को सीमासम्मको सडकको दायाँ बायाँ पचास मिटर सम्मको जग्गाका कित्ताहरु प्रति रोपनी रु. १,००,०००/-

घ) **वडा नं. ४**

१. साविक तांखुवा र तेलीया गा.वि.स.को जोरपाटी चुलाचुली काजीमाने सडक खण्डको काठेबरदेखि सितारानीसम्मका सडकको दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु.३,००,०००/-
२. सोही सडक खण्डको साविक तेलीया गाविस वडा नं. ४ र साविक तांखुवा वडा नं.

५ र ६ को सितारानीदेखि पिङडाँडासम्मको सडकको दायाँबायाँ ५० मिटर सम्म दुरीका जग्गाहरु प्रति रोपनी रु. ५,००,०००/- र पिङडाँडादेखि मुकुमफुङवल्लक (मुडके आहाल) सम्मका सडकको दायाँबायाँ ५० मिटर सम्मका घडेरी तथा जग्गाहरु प्रति रोपनी रु. २,००,०००/-

३. साविक तेलीया गाविस वडा नं. ४ को पिङ्ग डाँडादेखि हालको छथर जोरपाटी गाउँपालिकाको ४ नं. वडा कार्यालयसम्म जाने सडक खण्डको काठेधारासम्मको सडकको दायाँबायाँ ५० मिटरसम्मको जग्गाहरुको प्रति रोपनी रु. १,००,०००/- र काठेधारादेखि वडा कार्यालयसम्मको सडकको दायाँबायाँ ५० मिटर दुरीसम्मका जग्गाहरुको प्रतिरोपनी रु. ४०,०००/-

४. साविक तेलीया गाविस वडा नं. ८ को काजीमान–ओख्रे–थेपुङ्गखोला सडक खण्डको वायाक्लादेखि अमर चौकसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु ५०,०००/-

५. धनकुटा नगरपालिकाको विहिवारे हटीया–कर्मीटार–बञ्चरे–ताङखुवा–तेलीया–परेवादिन–शुक्रवारे–तेह्रथुम सडक खण्डको लामिछानेदेखि वडा नं. ५ को थेपुङ खोलासम्मको सडकको दायाँ बायाँ पचास मिटर सम्मको जग्गाका कित्ताहरु प्रति रोपनी रु. १,००,०००/-

ङ) **वडा नं. ५**

१. साविक परेवादिन गाविस वडा नं. ५ को सिधुवा–पिपलडाँडा–गुवाबेँसी सडक खण्डको धुर्बे चोकदेखि साविक परेवादिन वडा नं. ४ को फ्याट घरसम्मको सडकको दायाँवायाँ ५० मिटर सम्ममका जग्गाहरु प्रति रोपनी रु. १४,००,०००/- र चपरी चोक देखि फ्याट घरसम्मको सडकको दायाँवायाँ ५० मिटर सम्ममका जग्गाहरु प्रति रोपनी रु. ६,००,०००/-

२. साविक परेवादिन गाविस वडा नं. ८ को यज्ञडाँडादेखि साविक परेवादिन वडा नं. ४ चपरी चोक सम्मको सडक खण्डको दायाँबायाँ १०० मिटरसम्मको जग्गाहरु प्रति रोपनी रु. १०,००,०००/-

३. सिधुवा–पिपलडाँडा–गुवाबेँसी सडक खण्डको साविक परेवादिन गाविस वडा नं. ४ को फ्याटघरदेखि भिमेश्वरीसम्मको सडकको दायाँबाँया ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. १,००,०००/-

४. सोही सडक खण्डको भिमेश्वरी क्षेत्रभन्दा ५०० मिटर अगाडिदेखि साविक परेवादिन गाविस वडा नं. १ को पिपलडाँडासम्मको सडक खण्डको दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. ५०,०००/-

५. साविक परेवादिन गाविस वडा नं. ८ को चुलाचुली तेलीया खोला सडक खण्डको जिरो प्वाइन्टदेखि साविक परेवादिन–९ को ताम्लिङ्ग माङ्गहिमसम्मका दायाँवायाँ ५० मिटरसम्मका जग्गाहरु प्रति रोपनी रु. १,००,०००/-

च) **वडा नं. ६**

१. साविक परेवादिन गाविस वडा नं. ७ मा पर्ने निगाले सिमेन्ट उद्योगदेखि हिलटप होटलसम्मको सडकका दायाँबायाँका ५० मिटर दुरी सम्मको घडेरी जग्गाहरु प्रति रोपनी रु. ५०,००,०००/-

२. सोही सडक खण्डको हिलटप होटल भन्दा ५०० मिटर अगाडिदेखि क्रिश्चियन चर्चसम्मको सडकको दायाँबायाँ ५० मिटर दुरीसम्मका घडेरी जग्गाहरु प्रति रोपनी रु. १५,००,०००/-

३. साविक परेवादिन गाविस वडा नं. ६ को सिधुवा मूर्तिढुंगा जाने सडक खण्डको सगरमाथा चिसेदेखि १०० मिटर अगाडिसम्म प्रतिरोपनी १५,००,०००/- र सो स्थानदेखि सरस्वती मा.वि. मझुवासम्मको सडकको दायाँ बायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. ३,००,०००/-

४. सोही सडक खण्डको सरस्वती मा.वि.मझुवा भन्दा २०० मिटर अगाडिदेखि माङ्गमाया खोलासम्म सडकको दायाँबायाँ ५० मिटर सम्मको जग्गाहरु प्रति रोपनी रु. ३,००,०००/-

५. साविक परेवादिन गा.वि.स. वडा नं. ७ को नाम्जाङ्ग सल्ले सडक खण्डको आइतवारेदेखि श्री प्रा.वि. नाम्जाङ्गसम्मको सडकको दायाँबायाँ ५० मिटर सम्मको जग्गाहरु प्रति रोपनी रु. २,००,०००/-

६. सोही सडक खण्डको श्री प्रा.वि. भन्दा अगाडि २०० मिटर अगाडिदेखि काफ्लेटारसम्मको सडक खण्डका दायाँ बायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु. १,००,०००/-

छ) यी तोकिएको क्षेत्र बाहेक साविक हात्तीखर्क, परेवादिन र तांखुवा गाबिस का भित्री सडक तथा कृषि सडक र ग्रामीण सडकले छोएका दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति

रोपनी रु. १,५०,०००/-

ज) साविक तेलीया गा.वि.स.को सबै वडाहरुको का भित्री सडक तथा कृषि सडक र ग्रामीण सडकले छोएका दायाँबायाँ ५० मिटर सम्मका जग्गाहरु प्रति रोपनी रु.४०,०००/-

झ) माथि परेका क्षेत्र बाहेक कोशी राजमार्ग आसपासका जग्गा खुल्न आएमा प्रति रोपनी रु. ८,००,०००/-

ञ) उल्लिखित सडकले छोएका बाहेकका अन्य जग्गाहरु प्रति रोपनी चलनचल्ती मूल्य रु. देहाय वमोजिम मूल्याङ्कन गरिएको छ।

| वडा नं. | आवासीय क्षेत्र | कृषियोग्य क्षेत्र | औद्योगिक क्षेत्र | निजी वन क्षेत्र | भीर पाखा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५०,०००/- | ३०,०००/- | ४०,०००/- | ४०,०००/- | १०,०००/- | |
| २ | ५०,०००/- | ३०,०००/- | ४०,०००/- | ४०,०००/- | १०,०००/- | |
| ३ | ५०,०००/- | ३०,०००/- | ४०,०००/- | ४०,०००/- | १०,०००/- | |
| ४ | ४०,०००/- | ३०,०००/- | ३०,०००/- | ३०,०००/- | ५,०००/- | |
| ५ | ५०,०००/- | ३०,०००/- | ४०,०००/- | ४०,०००/- | १०,०००/- | |
| ६ | ५०,०००/- | ४०,०००/- | ४०,०००/- | २०,०००/- | १५,०००/- | साविक परेवादिन–५ र ७ का क्षेत्रहरु |
| ६ | ८०,०००/- | ६०,०००/- | ५०,०००/- | ४०,०००/- | ३०,०००/- | साविक परेवादिन–६ का क्षेत्रहरु |

ट) करदाताले झुटो विवरण पेश गरी कार्यालयलाई झुक्याई राजस्व छल्ने नियतले गरेको काम कारवाहि पछि थाहा हुन आएमा नियम अनुसार लाग्ने राजश्व रकम सम्बन्धित व्यक्तिसँग शत प्रतिशत जरिवाना सहित असूल उपर गरिनेछ। आवश्यकता अनुसार त्यस्तो घरजग्गा रोक्का समेत राखी असूल उपर गरिनेछ।

ठ) कुनै जग्गाको मुल्याङ्कन गर्न भुलवस छुट हुन गएको रहेछ भने सोही जग्गाको वरिपरी सीमानामा पर्ने जग्गाको आँठा सरह मुल्याङ्कन कायम हूनेछ। प्रकरणमा परेको र बाटो खूलेको जग्गाको मुल्याङ्कन जून बढी हून आउछ सोही कायम हुनेछ।

ड) कार्यालयलाई आवश्यक परेमा ट्रेस नक्सा वा फायल नक्सा समेत माग गर्न सकिनेछ।

ढ) मुल्याङ्कन सम्वन्धमा विवाद भएमा कार्यालयले स्थलगत निरीक्षण समेत गर्न सक्नेछ।

ण) सडकले छोएको जग्गा भन्नाले सडक सिमासँग जोडिएको दायाँवायाँ ५० मिटर भित्रको जग्गालाई जनाउनेछ।

त) सडक छुने तथा प्रकरणमा परेका जग्गाहरुको हकमा सडक सिमा पछाडि ५० मिटर सम्म प्रकरणमा परे अनूसारकै मुल्य कायम गरिनेछ।

थ) करदाताले तोकिएको मुल्याङ्कन भन्दा घटी मुल्याङ्कन घोषणा गर्न पाउने छैन बढी घोषणा गरी कर तिर्न चाहेमा न्युनतम मुल्याङ्कनको बढीमा ५० प्रतिशत वढिसम्म स्वघोषणा गरी मुल्याङ्कन गर्न सकिनेछ।

द) माथी उल्लेख हुन छुट भएका तथा नयाँ ट्र्याक खोलिएका सडकसंग जोडिएका ५० मिटर दायां वायांको जग्गाको मूल्यांकन सम्बन्धित व्यक्तिको घोषणा, गाउँ कार्यपालिकाको कार्यालयको प्राविधिक शाखा तथा राजश्व शाखाको सिफारिसमा गाँउ कार्यपालिकाबाट स्वीकृत भए अनुरुप कायम हुनेछ।

ध) यस गाउँपालिका अन्तर्गत लागू हुने सम्पत्ति करको दर देहाय वमोजिम हुनेछ।

| सि.नं. | रकमको सीमा रु. | करको दर रु. |
|---|---|---|
| १. | १ देखि १ लाख २५ हजार सम्म | २५ |
| २. | १ लाख २५ हजार १ देखि १ लाख ५० हजार सम्म | ३० |
| ३. | १ लाख ५० हजार १ देखि लाख ७५ हजार सम्म | ३५ |
| ४. | १ लाख ७५ हजार १ देखि २ लाख सम्म | ४० |
| ५. | २ लाख १ देखि २ लाख २५ हजार सम्म | ४५ |
| ६. | २ लाख २५ हजार १ देखि २ लाख ५० हजार सम्म | ५० |
| ७. | २ लाख ५० हजार १ देखि ३ लाख सम्म | ६० |
| ८. | ३ लाख १ देखि ३ लाख५० हजार सम्म | ७० |
| ९. | ३ लाख ५० हजार १ देखि ४ लाख सम्म | ८० |
| १०. | ४ लाख १ देखि ४ लाख ५० हजार सम्म | ९० |
| ११. | ४ लाख ५० हजार १ देखि ५ लाख सम्म | १०० |
| १२. | ५ लाख १ देखि ६ लाख सम्म | १२० |
| १३. | ६ लाख १ देखि ७ लाख सम्म | १४० |
| १४. | ७ लाख १ देखि ८ लाख सम्म | १६० |
| १५. | ८ लाख १ देखि ९ लाख सम्म | १८० |
| १६. | ९ लाख १ देखि १० लाख सम्म | २०० |
| १७. | १० लाख १ देखि १२ लाख सम्म | २५० |

| | | |
|---|---|---|
| १८. | १२ लाख १ देखि १४ लाख सम्म | २८० |
| १९. | १४ लाख १ देखि १६ लाख सम्म | ३२० |
| २०. | १६ लाख १ देखि १८ लाख सम्म | ३६० |
| २१. | १८ लाख १ देखि २० लाख सम्म | ४०० |
| २२. | २० लाख १ देखि २२ लाख सम्म | ५०० |
| २३. | २२ लाख १ देखि २४ लाख सम्म | ६२५ |
| २४. | २४ लाख १ देखि २६ लाख सम्म | ७५० |
| २५. | २६ लाख १ देखि २८ लाख सम्म | ८७५ |
| २६. | २८ लाख १ देखि ३० लाख सम्म | १००० |
| २७. | ३० लाख १ देखि ३५ लाख सम्म | १२०० |
| २८. | ३५ लाख १ देखि ४० लाख सम्म | १५०० |
| २९. | ४० लाख १देखि ४५ लाख सम्म | १८०० |
| ३०. | ४५ लाख १देखि ५० लाख सम्म | २१०० |
| ३१. | ५० लाख १ देखि ५५ लाख सम्म | २४०० |
| ३२. | ५५ लाख १ देखि ६० लाख सम्म | २७०० |
| ३३. | ६० लाख १ देखि ७० लाख सम्म | ३००० |
| ३४. | ७० लाख १ देखि ८० लाख सम्म | ३५०० |
| ३५. | ८० लाख १ देखि ९० लाख सम्म | ४००० |
| ३६. | ९० लाख १ देखि १ करोड सम्म | ५००० |
| ३७. | १ करोड १ देखि १ करोड २० लाख सम्म | प्रति लाख थप रु.७५ |
| ३८. | १ करोड २० लाख १ देखि १ करोड ४० लाख सम्म | प्रति लाख थप रु.७५ |
| ३९. | १ करोड ४० लाख १ देखि १ करोड ६० लाख सम्म | प्रति लाख थप रु.७५ |
| ४०. | १ करोड ६० लाख १ देखि १ करोड ८० लाख सम्म | प्रति लाख थप रु.७५ |
| ४१. | १ करोड ८० लाख १ देखि २ करोड सम्म | प्रति लाख थप रु.८० |
| ४२. | २ करोड १ देखि २ करोड ५० लाख सम्म | प्रति लाख थप रु.८० |
| ४३. | २ करोड ५० लाख १ देखि ३ करोड सम्म | प्रति लाख थप रु.८० |
| ४४. | ३ करोड १ देखि ३ करोड ५० लाख सम्म | प्रति लाख थप रु. ९० |
| ४५. | ३ करोड ५० लाख १ देखि ४ करोड सम्म | प्रति लाख थप रु.१०० |

| | | |
|---|---|---|
| ४६. | ४ करोड १ देखि ४ करोड ५० लाख सम्म | प्रति लाख थप रु.१०० |
| ४७. | ४ करोड ५० लाख १ देखि ५ करोड सम्म | प्रति लाख थप रु.१०० |
| ४८. | ५ करोड १ भन्दा माथि | प्रति हजार रु.२ थप |

न) यस गाउँपालिका अन्तर्गत निर्मित संरचनाको ह्रास कट्टी दर (प्रतिशतमा) देहाय वमोजिम हुनेछ ।

| **संरचनाको किसिम - संरचनाको आयु** | **आर.सि. सि. फ्रेम स्टक्चर** | **सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो – आर.सि.सि. छाना** | **माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो – आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो – जस्ता/टायलको छाना** | **माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो – जस्ता/टायलको छाना** | **सेड वा कच्ची घर** |
|---|---|---|---|---|---|
| १-३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३-६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६-९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८-२१ बर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१-२४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४-२७ वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७- ३० वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०-३३ वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३-३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६-४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०-४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३-४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

# अनुसूची-२
## भूमि (मालपोत) कर
## (दफा ३ सँग सम्वन्धित)

| सि.नं. | मूल्यांकन सीमा | रकम रु. |
|---|---|---|
| १. | १ देखि १ लाख २५ हजार सम्म | २५ |
| २. | १ लाख २५ हजार १ देखि १ लाख ५० हजार सम्म | ३० |
| ३. | १ लाख ५० हजार १ देखि १ लाख ७५ हजार सम्म | ३५ |
| ४. | १ लाख ७५ हजार १ देखि २ लाख सम्म | ४० |
| ५. | २ लाख १  देखि २ लाख २५ हजार सम्म | ४५ |
| ६. | २ लाख २५ हजार १ देखि २ लाख ५० हजार सम्म | ५० |
| ७. | २ लाख ५० हजार १  देखि ३ लाख सम्म | ६० |
| ८. | ३ लाख १  ३ लाख ५० हजार सम्म | ७० |
| ९. | ३ लाख ५० हजार १ देखि ४ लाख सम्म | ८० |
| १०. | ४ लाख १ देखि ४ लाख ५० हजार सम्म | ९० |
| ११. | ४ लाख ५० हजार १ देखि ५ लाख सम्म | १०० |
| १२. | ५ लाख १ देखि ६ लाख सम्म | १२० |
| १३. | ६ लाख १ देखि ७ लाख सम्म | १४० |
| १४. | ७ लाख १ देखि ८ लाख सम्म | १६० |
| १५. | ८ लाख १ देखि ९ लाख सम्म | १८० |
| १६. | ९ लाख १ देखि १० लाख सम्म | २०० |
| १७. | १० लाख १देखि १२ लाख सम्म | २५० |
| १८. | १२ लाख १ देखि १४ लाख सम्म | २८० |
| १९. | १४ लाख १ देखि १६ लाख सम्म | ३२० |
| २०. | १६ लाख १ देखि १८ लाख सम्म | ३६० |
| २१. | १८ लाख १ देखि २० लाख सम्म | ४०० |
| २२. | २० लाख १ देखि २२ लाख सम्म | ५०० |
| २३. | २२ लाख १ देखि २४ लाख सम्म | ६२५ |
| २४. | २४ लाख १ देखि २६ लाख सम्म | ७५० |

| | | |
|---|---|---|
| २५. | २६ लाख १ देखि २८ लाख सम्म | ८७५ |
| २६. | २८ लाख १ देखि ३० लाख सम्म | १००० |
| २७. | ३० लाख १ देखि ३५ लाख सम्म | १२०० |
| २८. | ३५ लाख १ देखि ४० लाख सम्म | १५०० |
| २९. | ४० लाख १ देखि ४५ लाख सम्म | १८०० |
| ३०. | ४५ लाख १ देखि ५० लाख सम्म | २१०० |
| ३१. | ५० लाख १ देखि ५५ लाख सम्म | २४०० |
| ३२. | ५५ लाख १ देखि ६० लाख सम्म | २७०० |
| ३३. | ६० लाख १ देखि ७० लाख सम्म | ३००० |
| ३४. | ७० लाख १ देखि ८० लाख सम्म | ३५०० |
| ३५. | ८० लाख १ देखि ९० लाख सम्म | ४००० |
| ३६. | ९० लाख १ देखि १ करोड सम्म | ५००० |
| ३७. | १ करोड १ देखि १ करोड २० लाख सम्म | प्रति लाख थप रु.७५ |
| ३८. | १ करोड २० लाख १ देखि१ करोड ४० सम्म | प्रति लाख थप रु.७५ |
| ३९. | १ करोड ४० लाख १ देखि १ करोड ६० लाख सम्म | प्रति लाख थप रु.७५ |
| ४०. | १ करोड ६० लाख १ देखि १ करोड ८० लाख सम्म | प्रति लाख थप रु.७५ |
| ४१. | १ करोड ८० लाख १ देखि २ करोड सम्म | प्रति लाख थप रु.८० |
| ४२. | २ करोड १ देखि २ करोड ५० लाख सम्म | प्रति लाख थप रु.८० |
| ४३. | २ करोड ५० लाख १ देखि ३ करोड सम्म | प्रति लाख थप रु.८० |
| ४४. | ३ करोड १ देखि ३ करोड ५० लाख | प्रति लाख थप रु. ९० |
| ४५. | ३ करोड ५० लाख १ देखि ४ करोड सम्म | प्रति लाख थप रु.१०० |
| ४६. | ४ करोड १ देखि ४ करोड ५० लाख | प्रति लाख थप रु.१०० |
| ४७. | ४ करोड ५० लाख १ देखि ५ करोड सम्म | प्रति लाख थप रु.१०० |
| ४८. | ५ करोड १ भन्दा माथि | प्रति हजार रु.२ थप |

**२. मालपोत**

एकीकृत सम्पत्ति कर लागू हुनु अघिको मालपोत बुझाउन बाँकी जग्गाधनीहरुसँग देहाय वमोजिमका दरले मालपोत असुल उपर गरिने छ।

क) खेत-बारी ५ रोपनी सम्म रु.२५, ५ देखी २० रोपनी सम्म प्रति रोपनी रु. ५ का दरले, २० रोपनी भन्दा माथी प्रति रोपनी रु. ८ का दरले, बजार क्षेत्रको घडेरी जग्गा प्रति रोपनी रु. १०० का दरले।

**जरीवानाः** १ वर्ष सम्म नबुझाएमा २५ प्रतिशत थप, १ देखि ५ वर्ष सम्म नबुझाएमा ३५ प्रतिशत थप, ५ देखि ७ वर्ष नबुझाएमा ५० प्रतिशत, ७ देखि १० वर्ष नबुझाएमा ७५ प्रतिशत थप र १० वर्ष भन्दा बढी अवधी नबुझाएमा १०० प्रतिशत थप जरिवाना लाग्ने।
(नोटः आ.व. ०७३।७४ असार मसान्त भन्दा अगाडीको लागि मात्र)

## अनुसुची – ३
## बहाल कर
## (दफा ४ सँग सम्वन्धित)

- आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल कर १०% प्रतिशत।
- आफ्नो क्षेत्रमा आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिएबापत प्रति बर्गफुट मासिक बहाल बिटौरी रु. २/-

# अनुसुची – ४
## व्यवसाय कर
## (दफा ५ सँग सम्वन्धित)

१. वार्षिक व्यवसाय कर

| क्र.स. | व्यवसायको नाम | श्रेणी | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | क | ख | ग | घ | |
| १. | किराना पसल | १५००/- | १०००/- | ७५०/- | | |
| २. | थोक किराना पसल | २०००/- | १५००/- | १०००/- | | |
| ३. | होटल एण्ड लज | ३०००/- | २५००/- | १५००/- | | |
| ४. | होटल | १५००/- | १०००/- | ५००/- | | |
| ५. | लज | १०००/- | ८००/- | ६००/- | | |
| ६. | रेष्टुरेन्ट | ३०००/- | २५००/- | १५००/- | | |
| ७. | रिसोर्ट | ५०००/- | ३०००/- | २५००/- | | |
| ८. | चिया नास्ता पसल | ० | ० | ० | ६००/- | |
| ९. | कपडा पसल | १८००/- | १२००। | ८००/- | | |
| १०. | फेन्सी तथा तयारी पोशाक | १५००/- | १२००/- | ८००/- | | |
| ११. | कपडा,फेन्सी तथा तयारी पोशाक दुबै | २०००। | १५००। | १०००। | | |
| १२. | निर्माण सामाग्री तथा हार्डवेयर पसल | ५०००/- | ३५००/- | २५००/- | | |
| १३. | भाँडावर्तन पसल | १५००/- | १०००/- | ८००/- | | |
| १४. | सुन चाँदी आदिको गहना बनाउने तथा विक्री गर्ने | ३०००/- | २५००/- | २०००/- | | |
| १५. | पत्रिका, पुस्तक पसल तथा स्टेशनरी पसल | १२००/- | ९००/- | ६००/- | | |
| १६. | फोटो स्टुडियो | ८००/- | ६००/- | ३००/- | | |
| १७. | कम्प्युटर प्रशिक्षण | ३०००/- | २०००/- | १०००/- | | |
| १८. | सिलाई बुनाई तथा पेन्टिङ्ग प्रशिक्षण | ८००/- | ५००/- | ३००/- | | |
| १९. | घडी, रेडियो, क्यासेट, टिभी, मोवाई मर्मत केन्द्र | ९००/- | ७००/- | ५००/- | | |
| २०. | घडी, रेडियो, क्यासेट, टिभी, मोवाई विक्री पसल | २०००/- | १५००/- | १२००/- | | |
| २१. | स्टोभ, कुकर, ग्याँस सिलिण्डर, ग्याँस चुल्हो मर्मत केन्द्र | ० | ० | ० | ६००/- | |
| २२. | मोटर साइकल तथा अटो वर्कसप मर्मत | ० | ० | ० | १०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३. | ठूला साना सबै चार पाङग्रे गाडी मर्मत केन्द्र | ० | ० | ० | १५००/- | |
| २४. | ग्रील सम्वन्धी मर्मत तथा निमार्ण | १८००/- | १२००/- | १०००/- | | |
| २५. | जुत्ता चप्पल पसल | १२००/- | १०००/- | ८००/- | | |
| २६. | सब्जी तरकारी पसल खुद्रा पसल | ० | ० | ० | ६००/- | |
| २७. | सव्जी तरकारी थोक विक्रेता | ० | ० | ० | १५००/- | |
| २८. | मासु पसल | ० | ० | ० | १०००/- | |
| २९. | कृषि विउविजन पसल | ६००/- | ५००/- | ४००– | | |
| ३०. | कृषि सामग्री तथा मल खाद विक्री पसल | १०००/- | ८००/- | ६००/- | | |
| ३१. | कोल्ड ड्रिंक्स पसल | १०००/- | ८००/- | ६००/- | | |
| ३२. | सैलुन | ० | ० | ० | ५००/- | |
| ३३. | फर्निचर पसल | २०००/- | १५००/- | १२००/- | | |
| ३४. | पान पसल | ० | ० | ० | ५००/- | |
| ३५. | लेडिज तथा जेन्स टेलर | १५००/- | १००० | ८००/- | | |
| ३६. | मदिरा तथा सुर्तिजन्य पदार्थ डिलर तथा थोक बिक्रेता | ३५००/- | २५००/- | २०००/- | | |
| ३७. | मदिरा तथा सुर्तिजन्य पदार्थ खुद्रा बिक्रेता | १५००/- | १०००/- | ७५०/- | | |
| ३८. | डिजेल, पेट्रोल पम्प (अनधिकृत रुपमा कसैले अन्य पसलमा विक्री गरेको पाइएमा पटकै पिच्छे रु. २०००/- जरिवाना गरिनेछ।) | | | | ६०००/- | |
| ३९. | औषधि पसल | १०००/- | ८००/- | ५००/- | | |
| ४०. | निजी अस्पताल, नर्सिङ्ग होम, डेन्टल हस्पिटल | १००००। | ८०००/- | ५०००। | ४०००/- | |
| ४१. | पोली क्लिनिक | ४०००। | ३५००/- | ३००० | २५००/- | |
| ४२. | प्राथमिक उपचार केन्द्र | ० | ० | ० | २५००/- | |
| ४३. | चिकित्सक/दन्त चिकित्सक | | | | १५००/- | |
| ४४. | क्यारम बोर्ड खेलाउने पसल | | | | १०००/- | |
| ४५. | चटपटे घुमन्ते व्यपारी तथा पसले | | | | ५००/- | |
| ४६. | पुल तथा स्नुकर हाउस | | | | २०००/- | |
| ४७. | कुटानी पिसानी तेलहन मिल | १०००/- | ८००/- | ५००/- | | |
| ४८. | हस्तकला विक्री केन्द्र | | | | ४००/- | |
| ४९. | विस्कुट पाउरोटी उद्योग | १५००/- | १०००/- | ६००/- | | |
| ५०. | नुडल्स उद्योग | १५००/- | १०००/- | ६००/- | | |
| ५१. | दाना उद्योग | १५००/- | १०००/- | ६००/- | | |
| ५२. | इँटा टायल उद्योग | ५०००/- | ४०००/- | ३०००/- | | |
| ५३. | फर्निचर उद्योग | ३०००/- | २५००/- | २०००/- | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४. | घरेलु उद्योग | | | | | |
| | क. सुति कपडा | | | | ५००/- | |
| | ख. स्वीटर | | | | ३००/- | |
| | ग. वेतबाँस | | | | ३००/- | |
| ५५. | फलफूल जुस उद्योग | | | | १०००/- | |
| ५६. | बिरुवा नर्सरी | १०००/- | ७००/- | ५००/- | | |
| ५७. | खुकुरी उद्योग | १०००/- | ७००/- | ५००/- | | |
| ५८. | चिया उद्योग | १००००/- | ८०००/- | ५०००/- | | |
| ५९. | अन्य नखुलेका साना घरेलु उद्योग | | | | ५००/- | |
| ६०. | गाई फर्म | २०००/- | १५००/- | १०००/- | | |
| ६१. | बाख्रा, बंगुर , कुखुरा फर्म | १५००/- | १०००/- | ७००/- | | |
| ६२. | मालसमान ढुवानी सेवा | ३५००/- | २५००/- | २०००/- | | |
| ६३. | सिनेमा हल | ५०००/- | ३०००/- | २५००/- | | |
| ६४. | छापाखाना तथा प्रेस अफसेट | २५००/- | १५००/- | १०००/- | | |
| ६५. | कानूनी तथा प्राविधिक कन्सल्टेन्सी | | | | २०००/- | |
| ६६. | निर्माण व्यवसायी (प्रधान कार्यालय यहीँ भए) | १००००/- | ८०००/- | ६०००/- | ४०००/- | |
| ६७. | निर्माण व्यवसायी (प्रधान कार्यालय वाहिर भए) | ८०००/- | ६०००/- | ५०००/- | ३०००/- | |
| ६८. | निर्माण व्यवसायी बाहेक अन्य सप्लायर्सहरु | ६०००/- | ४०००/- | ३०००/- | २०००/- | |
| ६९. | बाणिज्य बैंक बाहेककका वीमा, वित्तीय तथा नाफामुलक संस्थाहरु | १२०००/- | ८०००/- | ६०००/- | ३०००/- | |
| ७०. | बाणिज्य बैंकहरु (यस्ता बैंकहरुको वर्गीकरणको हकमा नेपाल राष्ट्र बैंक बर्गीकरण अनुसार हुनेछ) | २००००/- | १८००० | १६०००/- | १२०००/- | |
| ७१. | बैंकका काउन्टर सेवाहरु | | | | १५००/- | |
| ७२. | सहकारीहरुको वार्षिक व्यवसाय कर | | | | | |
| | क) उत्पादनमूलक सहकारी | | | | २०००/- | |
| | ख) उपभोक्ता सहकारी | | | | ३०००/- | |
| | ग) श्रममूलक सहकारी | | | | १०००/- | |
| | घ) बहुउद्देश्यीय सहकारी | | | | २०००/- | |
| | शुरु अभिलेखकरण हुनका लागि | | | | | |
| | क) उत्पादनमूलक सहकारी | | | | १०००/- | |
| | ख) उपभोक्ता सहकारी | | | | २०००/- | |
| | ग) श्रममूलक सहकारी | | | | ५००/- | |
| | घ) बहुउद्देश्यीय सहकारी | | | | १०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७३. | खानेपानी सेवा शुल्क मासिक प्रति धारा | | | | ५/- | |
| ७४. | धितोपत्र कारोवार गर्ने संस्था | | | | २५००/- | |
| ७५. | विदेशी मुद्रा विनिमय कारोवार गर्ने, मनी ट्रान्सफर गर्ने | | | | २५००/- | |
| ७६. | खोटो संकलन गर्ने व्यवसायी | | | | | |
| | क) २०० मे.टनभन्दा माथि कारोवार गर्ने | | | | ४०००/- | |
| | ख) २०० मे.टन सम्म कारोवार गर्ने | | | | २५००/- | |
| | ग) १०० मे.टन सम्म कारोवार गर्ने | | | | १५००/- | |
| | घ) खोटो निकासी केन्द्र वा व्यवसायी | | | | १५००/- | |
| ७७. | वैदेशिक रोजगार सेवा केन्द्र | | | | ५०००/- | |
| ७८. | स्वदेशी रोजगार सेवा केन्द्र | | | | १०००/- | |
| ७९. | जग्गा प्लटिङ्ग व्यवसायी | | | | ५०००/- | |
| ८०. | लेखा परीक्षक/ इन्जिनियर/ वीमा एजेन्ट | | | | ३०००/- | |
| ८१. | भाषा अनुवादक | | | | २०००/- | |
| ८२. | उर्जामुलक उद्योग व्यवसाय | ५०००/- | ३०००/- | २०००/- | | |
| ८३. | निजी क्षेत्रका क्याम्पस | | | | | |
| | क) डिप्लोमा सम्म भए | | | | ५०००/- | |
| | ख) डिग्री सम्म भए | | | | ८०००/- | |
| ८४. | संस्थागत विद्यालयको व्यवसायक कर | नं ८५ मा उल्लेखित अभिलेखीकरणको दर अनुसार लिईनेछ। | | | | |
| ८५. | संस्थागत विद्यालय अभिलेखीकरणको लागि (१ पटक) | | | | | |
| | क) नर्सरी देखि कक्षा ५ सम्म | | | | ५०००/- | |
| | ख) कक्षा ६ देखि कक्षा ८ सम्म | | | | ८०००/- | |
| | ग) कक्षा ९ देखि कक्षा १० सम्म | | | | १२०००/- | |
| | घ) कक्षा ११ देखि १२ सम्म | | | | १५०००/- | |
| ८६. | संस्थागत विद्यालय कक्षा थपका लागि प्रति कक्षा | | | | ५०००/- | |
| ८७. | भाषा प्रशिक्षण तथा कोचिङ्ग, टाइपिङ्ग सेन्टर, | | | | २०००/- | |
| ८८. | कम्प्युटर विक्री पसल | ३०००/- | २०००/- | १५००/- | | |
| ८९. | मोवाईल सिम कार्ड तथा रिचार्ज विक्रेता | ३०००/- | २०००/- | १५००/- | | |
| ९०. | ग्याँस सिलिण्डर डिलर | | | | ३०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९१. | खुद्रा ग्याँस सिलिण्डर विक्री केन्द्र | | | | १०००/- | |
| ९२. | विजुलीका वयरिङ्ग तथा अन्य सामाग्री बिक्रेता | | | | २०००/- | |
| ९३. | सवारी साधन विक्रेता | | | | | |
| ९४. | साइकल पसल | ५०००/- | ३०००/- | २०००/- | | |
| ९५. | मोटर साइकल पसल | १००००/- | ८०००/- | ६०००/- | | |
| ९६. | हलुका सवारी पसल | २०००० | १५००० | १००००/- | | |
| ९७. | दुग्धजन्य व्यवसायी | | | | | |
| ९८. | छुर्पी, पनिर, घिउ, चिज उद्योग | २०००/- | १५००/- | १०००/- | | |
| ९९. | चिसान केन्द्र, संकलन केन्द्र | १०००/- | ८००/- | ५००/- | | |
| १००. | दुग्ध व्यपार केन्द्र | १०००/- | ८००/- | ५००/- | | |
| १०१. | शित भण्डार | २०००/- | १५००/- | १०००/- | | |
| १०२. | साइवर व्यवसायी | १०००/- | ८००/- | ६००/- | | |
| १०३. | फलफूल पसले | १०००/- | ८००/- | ५००/- | | |
| १०४. | सिशा, प्लाइउड विक्रेता | ५०००/- | ३०००/- | २०००/- | | |
| १०५. | काष्ठ चिरानी उद्योग | | | | | |
| | क) कटानी, चिरानी | | | | १०००/- | |
| | ख) काष्ठ मिल | ५०००/- | ४०००/- | ३०००/- | | |
| | ग) काष्ठ मिल तथा सो रुम सहित भए | १००००/- | ८०००/- | ५०००/- | | |
| १०६. | खेलौना, गिफ्ट आदि पसल | २०००/- | १५००/- | १०००/- | | |
| १०७. | क्यासिनो | ७५०००/- | ७००००। | ६५०००/- | | |
| १०८. | वनजन्य पैदावार व्यवसायी | ५०००/- | ३०००/- | २०००/- | | |
| १०९. | रेडियो, एफ एम व्यवसायी | ४०००/- | ३०००/- | २०००/- | | |
| ११०. | सिंचाई शुल्क वार्षिक | प्रति रोपनी प्रति जग्गाधनी रु.२/- | | | | |
| १११. | सिरक डसना धुनियाँ | | | | ५००/- | |
| ११२. | डान्स फिजिकल फिटनेस सेन्टर | | | | १५००/- | |
| ११३. | वाइन उद्योग | २००००/- | १५००० | १०००० | | |
| ११४. | फलफुल फर्म | १०००/- | ७००/- | ५००/- | | |
| ११५. | सिमेन्ट उद्योग (व्यवसाय कर) | प्रति बोरा रु. १/- | | | | |
| ११६. | कृषि तथा अन्य समूह दर्ता | ३००/- | | | | |
| ११७. | कृषि तथा अन्य समूह नविकरण | २००/- | | | | |
| ११८. | सहकारी संस्था दर्ता | २०००/- | | | | |
| ११९. | सहकारी संस्था नविकरण | १०००/- | | | | |
| १२०. | जल उपभोक्ता संस्था वा समूह दर्ता | १०००/- | | | | |
| १२१. | जल उपभोक्ता संस्था वा समूह नविकरण | ७००/- | | | | |
| १२२. | स्थानीय सामाजिक संघ संस्था दर्ता | २०००/- | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२३. | स्थानीय सामाजिक संघ संस्था नविकरण | १५००/- | | | | |
| १२४. | स्थानीय सामाजिक संघ संस्था अभिलेखीकरण | १०००/- | | | | |
| १२५. | टोल विकास संस्था दर्ता | ५०० | | | | |
| १२६. | टोल विकास संस्था नविकरण | ३०० | | | | |
| १२७. | व्यपारिक फर्म | रजिष्ट्रेशन दस्तुर | नविकरण दस्तुर | | | |
| | क) एक लाख रुपैयाँ सम्म | ५००/- | ३००/- | | | दस्तुर छुट र नविकरण गर्ने अवधिका हकमा नेपाल सरकार तथा प्रदेश सरकारको कानून वमोजिम हुनेछ। |
| | ख) एक लाख रुपैया भन्दा बढी तीन लाख रुपैयासम्म | १०००/- | ५००/- | | | |
| | ग) तीन लाख रुपैया भन्दा बढी पाँच लाख रुपैयासम्म | १५००/- | ७५०/- | | | |
| | घ) पाँच लाख रुपैया भन्दा बढी बीस लाख रुपैयासम्म | २०००/- | १०००/- | | | |
| | ङ) बीस लाख रुपैया भन्दा बढी एक करोड रुपैयासम्म | ५०००/- | २५००/- | | | |
| | च) एक करोड रुपैया भन्दा बढी पाँच करोड रुपैयासम्म | १००००/- | ५०००/- | | | |
| | छ) पाँच करोड रुपैया भन्दा बढी कारोवार गर्ने ठुला उद्योगहरूलाई वार्षिक | १,००,०००/- | | | | |
| १२८. | कृषि फर्म दर्ता | १५,००/- | १,०००/- | ७००/- | | |
| १२९. | कृषि फर्म नविकरण | १२,००/- | ८००/- | ६००/- | | |
| १३०. | व्यूटि पार्लर (लेडिज एण्ड जेन्स) दर्ता | १,२००/- | १,०००/- | ८००/- | | |
| १३१. | व्यूटि पार्लर (लेडिज एण्ड जेन्स) नविकरण | १,०००/- | ७००/- | ५००/- | | |
| १३२. | निजि सञ्चार संस्थान | २०,०००/- | १६,०००/- | १२,०००/- | | |

नोट* व्यवसाय कर १ वर्ष सम्म नबुझाएमा १० प्रतिशत थप, १ देखि २ वर्ष सम्म नबुझाएमा १५ प्रतिशत थप, २ देखि ३ वर्ष सम्म नबुझाएमा २० प्रतिशत, ३ देखि ४ वर्ष सम्म नबुझाएमा २५ प्रतिशत थप, ४ देखि ५ वर्ष सम्म नबुझाएमा ३० प्रतिशन थप र ५ वर्ष भन्दा बढी अवधी सम्म नबुझाएमा सत प्रतिशत थप जरिवाना लाग्ने।

द्रष्टव्यः– यस अनुसूचीको प्रयोजनका लागि ‘ग’ श्रेणी व्यवसाय भन्नाले रु. ५,००,०००/- सम्मको वार्षिक कारोवार भएको, ‘ख’ श्रेणी व्यवसाय भन्नाले रु. १५,००,०००/- सम्मको वार्षिक कारोवार भएको, र ‘क’ श्रेणी व्यवसाय भन्नाले रु.१५,००,००१/- भन्दा माथि वार्षिक कारोवार भएको व्यवसायलाई सम्झनु पर्छ। यसमा ‘ग’ श्रेणीका लागि तोकिएको कारोवार रकम भन्दा कम वार्षिक कारोवार भए पनि ‘ग’ श्रेणी कै व्यवसायक कर लिइने छ।

# अनुसूची-५

## सवारी साधन अभिलेखीकरण शुल्कः

## (दफा ७ सँग सम्वन्धित)

१) बस, ट्रक, ट्याम्पो रु १,०००/-

२) ट्र्याक्टर, जिप, भ्यान, सुमो, बोलेरो (भाडाका गाडी) रु १,५००/-

३) जिप भ्यान सुमो बोलेरो (निजी गाडी) रु १,०००/-

४) हेभी ईक्विपमेन्ट रु १०,०००/-

५) गाउँपालिका भित्र सञ्चालनमा रहेका मोटरसाईकल, स्कुटी, मोपेट आदीको सूचिकृत शुल्क रु १००/-

६) ब्याकह्योलोडर व्यवसायको लागि वार्षिक रू.५,०००/-

७) एक्जाभेटर, रोलर, ग्रडर व्यवसायको लागि वार्षिक रू.१०,०००/-

८) गाउँपालिकाको ब्याकह्योलोडर प्रयोग गरे वापत प्रति घण्टा रू. २,०००/-

९) गाउँपालिकाको मातहतमा रहेको खाल्डो खन्ने मेशिन प्रयोग गरे वापत प्रति घण्टा रू. ३५०/-

१०) गा.पा को ट्र्याक्टर भाडामा प्रयोग वापद

क. दैनिक (१० बजे देखि ५ बजे सम्म) : रु ५,०००/-

ख. प्रति टिप

अ. १ देखि २ कि.मी सम्मः रु १,०००/-

आ. २ देखी ५ कि.मी सम्मः रु १,५००/-

इ. ५ कि.मी भन्दा माथिः रु ३५,००/-

# अनुसूची – ६
## पार्किङ्ग शुल्क
## (दफा ९ सँग सम्वन्धित)

१. गाउंपालिकाले आफूले व्यवस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरिएका मिनिबस, ट्रक, ट्रयाक्टरमा पार्किङ्ग गर्ने समयको आधारमा एकपटकमा ४० रुपैयाँ।

२. गाउंपालिकाले आफूले निर्माण गरी संचालन गरेको आधुनिक सुविधा सम्पन्न बसपार्कमा समयको आधारमा एकपटकमा ४० रुपैयाँ।

३. गाउंपालिकाले आफुले तोकेको कार पार्किङ्ग क्षेत्रमा पार्किङ्ग गर्ने कारमा समयको आधारमा एकपटकमा २० रुपैयाँ।

४. प्रकरण १,२ र ३ मा उल्लेखित सवारी साधन बाहेक अन्य सवारीका लागि समयको आधारमा १०/- रुपैयाँ।

# अनुसूची-७
## सेवा, शुल्क,दस्तुर
## (दफा ९ सँग सम्बन्धित)

| सि. नं | दस्तुर | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | वंशजको आधारमा नागरिकता सिफारिस | २००/- | |
| २. | नाम छुट तथा सनाखत नागरिकता सिफारिस | २००/- | |
| ३. | अंगीकृत नागरिकता सिफारिस | ५००/- | |
| ४. | नाता प्रमाणित | ३५०/- | |
| ५. | क. पञ्जिकरण सिफारिस | २००/- | |
| ६. | ख. पञ्जिकरण बिलम्ब शुल्क | २००/- | |
| ७. | नाम, थर, जन्म मिति, ठेगाना,प्रहरि रिपोर्ट, साथै जातीयता सम्वन्धी सिफारिस | १५०/- | |
| ८. | घर जग्गा तथा पेन्सन नामसारी सिफारिस | ३००/- | |
| ९. | घर बाटो भएको सिफारिस | ४००/- | |

| | | | |
|---|---|---|---|
| १०. | सम्वन्ध विच्छेद सिफारिस | ५००/- | |
| ११. | पानी, विद्युत, जडानसम्वन्धी सिफारिस | २००/- | |
| १२. | टेलिफोन जडानसम्वन्धी सिफारिस | ५००/- | |
| १३. | विद्यालय स्तर वृद्धि सिफारिस | १०००/- | |
| १४. | अंग्रेजी भाषामा सिफारिस वा अंग्रजीमा रुपान्तरण | १०००/- | |
| १५. | चार किल्ला प्रमाणित (मालपोत कार्यालय जाने भए) | ३००/- | |
| १६. | चार किल्ला प्रमाणित (वित्तीय संस्थासँग कारोवारका लागि) भए | ५००/- | |
| १७. | मेला ,उत्सव ,महोत्सव लगाउने सिफारिस | ५०००/- | |
| १८. | १ रोपनी भन्दा कम जग्गा प्लटिङ गर्नको लागि सिफारिस | १०००/- | |
| १९. | १ देखि ३ रोपनी सम्म जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ३०००/- | |
| २०. | ५ रोपनी भन्दा बढी जग्गा प्लटिङ गर्नको लागि सिफारिस | ५०००/- | |
| २१. | मोही नामसारी सिफारिस | २००/- | |
| २२. | जग्गा अपुतालि सम्वन्धी सिफारिस (नेपालको भए) | १०००/- | |
| २३. | जग्गा अपुतालि सम्वन्धी सिफारिस (विदेशको भए) | २०००/- | |
| २४. | ठूला उद्योग स्थापना सिफारिस | ३०००/- | |
| २५. | मझौला उद्योग स्थापना सिफारिस | २०००/- | |
| २६. | साना तथा घरेलु उद्योग सिफारिस | ५००/- | |
| २७. | लघु उद्यमी व्यवसायी सिफारिस | २००/- | |
| २८. | संघ सस्था दर्ताको (जिल्ला, प्रदेश र संघमा) सिफारिसका लागि | १०००/- | |
| २९. | स्थानीय सामाजिक संघ संस्था दर्ताका लागि सिफारिस | ५००/- | |
| ३०. | घटना दर्ता, नागरिकता प्रतिलिपी सिफारिस दस्तुर | ५००/- | |
| ३१. | प्रतिलिपी दस्तुर प्रति पाना | ५/- | |
| ३२. | रुख कटान अनुमति शुल्क (उत्तिस,सल्ला,सिरिस,) प्रति क्यु. फिट | ४/- | |
| ३३. | रुख कटान अनुमति शुल्क ( पात्ले, जामुना ) प्रति क्यु. फिट | ६/- | |
| ३४. | रुख कटान अनुमति शुल्क (चिलाउने) प्रति क्यु. फिट | ५/- | |

| | | | |
|---|---|---|---|
| ३५. | रुख कटान अनुमति शुल्क (खयर) प्रति के.जि | २/- | |
| ३६. | नक्सा प्रमाणित प्रति पेज | १००/- | |
| ३७. | बाँस प्रति घना | २/- | |
| ३८. | सर्जमिन दस्तुर | ६००/- | |
| ३९. | ढुंगा गिटी बालुवा (आन्तरिक बाह्य दुवै ) प्रति ट्र्याक्टर | ५०/- | |
| ४०. | ढुंगा गिटी बालुवा (आन्तरिक बाह्य दुवै ) प्रति ट्रिप्पर | १५०/- | |
| ४१. | शिक्षक, कर्मचारी सरुवा सिफारिस | | |
| | अन्तर विद्यालयरअन्तर वडा | २००/- | |
| | अन्तर स्थानीय तह | ५००/- | |
| | अन्तर जिल्ला | १०००/- | |
| | निवेदन दस्तुर | | |
| ४२. | निवेदन दर्ता | १०/- | |
| ४३. | भवन निर्माण तथा नक्सा पास निवेदन दर्ता | | |
| | पक्किको लागि | १५००/- | |
| | कच्चिको लागि | १०००/- | |
| ४४. | अमिन सेवा शुल्क | | |
| | (क) वन, खेतियोग्य, भिरपाखा प्रति कित्ता | १५००/- | |
| | (ख) आवासीय तथा औद्योगिक जग्गा प्रति कित्ता | १२००/- | |
| | (ग) जग्गा किचलो परी साँध सिमान छुट्याउनु परेमा (पक्ष विपक्ष दुवैबाट) प्रति कित्ता | १६००/- | |
| | १० रोपनी सम्म रु १५००। दस्तुर लाग्ने छ। १० रोपनी देखि १५ रोपनी सम्म रु ५००। र १५ रोपनी भन्दा माथी जतीसुकै रोपनी भएपनि रु १०००। थप दस्तुर लाग्ने छ। | | |
| ४५. | घर नक्सा पास दस्तुर रु.प्रति रनिङ फिट | | |
| | कम्पाउण्ड वाल प्रति रनिङ फिट | १.५/- | |
| | कच्ची घर प्रति वर्ग फिट ग्रामिण क्षेत्र | १.५/- | |
| | लोड वाइरिङ घर प्रति वर्ग फिट (कच्ची सडक) | २.५/- | |
| | आर.सि.सि.घर प्रति वर्ग फिट (कच्ची सडक क्षेत्र) | ३/- | |

| | | | |
|---|---|---|---|
| | आर.सि.सि.घर प्रति वर्ग फिट( पक्की सडक क्षेत्र) | ५/- | |
| | लोड वाइरिङ घर प्रति वर्ग फिट (पक्की सडक क्षेत्र) | ३/- | |
| | नक्सा संसोधन साविक माथि | २० प्रतिसत थप | |
| | माथि लेखिएका बाहेक अन्य सिफारिस दस्तुर | १५०/- | |
| | नक्सा पास इजाजत नलिई घर निर्माण गरे पछि नक्सा नियमित गर्न आएमा माथि लाग्ने सेवा शुल्कको दोव्वर दस्तुर लाग्नेछ। | | |
| ४६. | अस्थायी घर टहरा निर्माण इजाजत सेवा शुल्क (निवेदन सहित) | | |
| | ढुंगा माटोको कच्ची घर | ८००/- | |
| | टाटी टहरा टीनको छानो भएको घर | ५००/- | |
| | टाटी टहरा, फुसको छानो भएको घर | ३००/- | |
| ४७. | पुरानो घर अभिलेखिकरण सिफारीस | | |
| | टाटी, टहरा, फुसको छानो भएको घर | १००/- | |
| | टाटी, टहरा, टिनको छानो भएको घर | २००/- | |
| | ढुंगा माटोको कच्ची घर | ३००/- | |
| | आर.सि.सि घर | ५००/- | |
| ४८. | हल भाडा | | |
| | गाउंपालिकाको हल प्रति दिन | १०००/- | |
| | वडा केन्द्रमा रहेका वडा कार्यालयको तथा विषयगत कार्यालयका हल प्रति दिन | ५००/- | |
| | सामुदायिक भवन सिधुवा प्रति दिन | ५००/- | |
| | सामुदायिक भवन गाउँपालिका प्रति दिन | २०००/- | |
| ४९. | आय श्रोत प्रमाणित तथा चल÷अचल सम्पत्ती मूल्यांकन | | |
| | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस ५ लाख सम्म | ५००/- | |

| | | | |
|---|---|---|---|
| | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस १० लाख सम्म | १५००/- | |
| | चल अचल सम्पति, आय श्रोत प्रमाणित सिफारिस २० लाख सम्म | २०००/- | |
| | चल अचल सम्पत्ति, आय श्रोत प्रमाणित सिफारिस ३० लाख सम्म | ३०००/- | |
| | चल अचल सम्पत्ति, आय श्रोत प्रमाणित सिफारिस ५० लाख सम्म | ५०००/- | |
| | चल अचल सम्पत्ति, आय श्रोत प्रमाणित सिफारिस ५० लाख भन्दा माथि प्रत्येक १० लाख थपमा | २०००/- | |
| ५०. | सरसफाई सेवा शुल्क (मासिक) | | |
| | होटल तथा लज दुवै सञ्चालन भए | १२५/- | |
| | होटल वा लज एकमात्र व्यवसाय भए | १००/- | |
| ५१. | किराना वा अन्य पसल | | |
| | क. वर्गको किराना वा अन्य पसललाई | १२५/- | |
| | ख. वर्गको किराना वा अन्य पसललाई | १००/- | |
| | ग. वर्गको किराना वा अन्य पसललाई | ८०/- | |
| ५२. | छापाखाना तथा प्रेसलाइ | १००/- | |
| ५३. | सबै प्रकारको मीललाई | १५०/- | |
| ५४. | सबै प्रकारको ग्यारेजलाई | १५०/- | |
| ५५. | सैलुन व्यवसायीलाई | १००/- | |
| ५६. | आवासीय घरधनीलाई | ७५/- | |
| ५७. | घरधनी स्वयम्ले आफ्नो आवासीय भवनमा व्यवसाय गरेमा थप | २५/- | |
| ५८. | सरकारी तथा गैरसरकारी सबै कार्यालय र संघसंस्था समेतलाई | १००/- | |
| ५९. | जग्गा धनि पुर्जा फोटो टाँस सिफारिस | २००/- | |
| ६०. | संस्था नामसारी सिफारिस | ५००/- | |
| ६१. | आवेदन दस्तुर | १५०/- | |

| | | | |
|---|---|---|---|
| ६२. | अन्य विशेष प्रकारको सिफारिस | ३००/- | |
| ६३. | अन्य दस्तुर | १०००/- | |
| ६४. | परीक्षा दस्तुर<br>क) अधिकृत स्तर<br>ख) सहायक स्तर<br>ग) कार्यालय सहयोगी | <br>१५००/-<br>१०००/-<br>५००/- | |
| ६५. | न्यायिक मुद्दा दर्ता शुल्क | १००/- | |

पुनश्चः सामुदायिक वन वा सार्बजनिक संस्थाका रुख कटान गर्नु पर्दा माथि उल्लेखित दरको दोब्बर लाग्नेछ। (घरायसी प्रयोजन वाहेक)

## अनुसूची - ८

## पर्यटन तथा सहासिक पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क

## (दफा ११ सँग सम्वन्धित)

| पर्यटन क्षेत्र प्रबेश शुल्क | | |
|---|---|---|
| १. | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क, छथर गाउँपालिका वासीलाई | ५/- |
| २. | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क अन्य स्वदेशीलाई | २०/- |
| ३. | तोकिएको पर्यटन क्षेत्र भित्र प्रवेश शुल्क सार्क मुलुकलाई | ५०/- |
| ४. | शैक्षिक भ्रमणका विद्यालयले छुटका लागि निवेदन पेश गरेमा | पचास प्रतिशत छुट दिइने |

# अनुसूची–९
## बहाल विटौरी
## (दफा १२ सँग सम्वन्धित)

अस्थाई हाट बजार वा घुम्ती पसलः गाउँपालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा ब्यवसाय कर लगाई देहाय अनुसार दररेट कायम गरिएको छ।

| सि.नं | कर तथा दस्तुरको विवरण | दर रु. |
|---|---|---|
| **क** | **हाटबजार पसल कर (दैनिक)** | |
| १. | कपाल काट्ने हजाम | १५/- |
| २. | चामल प्रति क्वीन्टल | १०/- |
| ३. | सूर्ती | २०/- |
| ४. | किराना पसल | २०/- |
| ५. | पापड पकौडा पसल | २०/- |
| ६. | खुद्रा पसल | २०/- |
| ७. | मिठाई पसल | २०/- |
| ८. | चिया पसल | २०/- |
| ९. | माछा पसल ठुलो | २०/- |
| १०. | विउ विजन पसल | २०/- |
| ११. | मासु पसल (प्रति खसी) | ६०/- |
| १२. | सागसब्जी पसल ठुलो | २०/- |
| १३. | हांसपरेवा प्रति जोडी | १०/- |
| १४. | खुद्रा सागसब्जी पसल | १०/- |
| १५. | पान पसल | १०/- |
| १६. | माछा पसल सानो | १०/- |
| १७. | कांटा थापी खरिद पसल | २०/- |
| १८. | सानो तराजुबाट खरिद पसल | २०/- |
| १९. | औषधि पसल | २०/- |
| २०. | लोहार पसल | १०/- |

| | | |
|---|---|---|
| २१. | छाला मिस्त्री पसल | २०/- |
| २२. | टर्चलाईट मर्मत पसल | २०/- |
| २३. | मोची | १०/- |
| २४. | फलफुल पसल | २०/- |
| २५. | साइकल मर्मत पसल | २०/- |
| २६. | मुनीहारी पसल | २०/- |
| २७. | कपडा पसल | २०/- |
| २८. | रेडीमेड कपडा पसल | २०/- |
| २९. | जुत्ता चप्पल पसल | २०/- |
| ३०. | टि भि. रेडियो मर्मत पसल | २०/- |
| ३१. | ब्याटि चार्ज पसल | २०/- |
| ३२. | सवै प्रकारका चौपाया विक्री | २ प्रतिशत |
| ३३. | नदीजन्य निर्माण सामाग्री विक्री कर (वालुवा तथा पुरुवा) प्रति ट्र्याक्टर | ५०/- |
| ३४. | गाई गोरु प्रति गोटा | ३०/- |
| ३५. | रांगा भैसी प्रति गोटा | ५०/- |
| ३६. | खसी, बाख्रा, सुगुर प्रति गोटा | २०/- |
| ३७. | तोरी, आलस प्रति मन | २०/- |
| ३८. | बांस प्रति टेक्टर | १५०/- |
| ३९. | बांस प्रति ट्रक | ३००/- |
| ४०. | आलु प्याज प्रति मन | १०/- |
| ४१. | दाउरा प्रति ट्र्याक्टर | ३००/- |
| ४२. | दाउरा प्रति ट्रक | ५००/- |
| ४३. | सखुवा गोलिया क्यूफीट | ५०/- |
| ४४. | कुकाठ प्रति क्यूफीट | १५/- |
| ४५. | घिउ | २०/- |
| ४६. | माटोको भाडा गाडा | २५/- |
| ४७. | दलहन प्रति मन | २०/- |
| ४८. | अदुवा प्रति मन | २५/- |

| | | |
|---|---|---|
| ४९. | खसी बाख्राको छाला प्रति वटा | ५०/- |
| ५०. | रांगा भैसीको छाला प्रति वटा | १००/- |
| ५१. | कुखुरा प्रति खुगी | ५०/- |
| ५२. | कबाडी प्रति साईकल | १५/- |
| ५३. | हल्दी कांचो प्रति मन | १०/- |
| ५४. | हल्दी सुकेको प्रति मन | ५०/- |
| ५५. | कोला अनारस प्रति भ्यान | १००/- |
| ५६. | कोला अनारस प्रति ट्याक्टर | २००/- |
| ५७. | कोला अनारस प्रति ट्रक | ३००/- |
| ५८. | कर्कटपाता प्रति बण्डल | २५/- |
| ५९. | सब्जी (प्रति ट्र्याक्टर) | १००/- |

## अनुसूची–१०
## विज्ञापन कर
## (दफा १३ सँग सम्वन्धित)

१. ग्लो साइनवोर्ड, डिपिएस वोर्ड प्रति वर्ग फिट रु. ५०/-

२. वाल र सटर पेन्टिङ प्रति वर्ग फिट रु. ५/-

३. व्यानर प्रति गोटा रु. ३००/- (बढीमा एक महिनाका लागि)

## अनुसूची–११
## विविध शुल्क, दस्तुर
## (दफा १५ सँग सम्वन्धित)

माथिका अनुसूचीहरुमा छुट भएकोमा, नियमानुसार भन्दा वढी भएकाको हकमा नियमानुसार तोकिएको अधिकतम दररेट कायम हुनेछ ।

प्रमाणिकरण मितिः २०७८।०३।२५

आज्ञाले

तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

छथर जोरपाटी गाउँपालिका, धनकुटा